दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०८ | बुटवल | २०८३ साउन २१ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday August 06, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

## 'सुशासन, पारदर्शिता र जवाफदेहितामा सरकार पूर्णरूपमा असफल'

**कांग्रेसले सुनसरीको देवानगञ्ज–कप्तानगञ्ज घटनादेखि राहदानी खरिद प्रकरण, गृहमन्त्री विवाद, भ्रष्टाचार, कूटनीति, सुकुम्वासी, किसान, शिक्षा, निजी क्षेत्र र महँगीसम्मका १५ विषय उठाउँदै सरकारको कार्यशैलीमाथि प्रश्न गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले १५ बुँदे आरोप सार्वजनिक गर्दै सरकार सुशासन, पारदर्शिता र जवाफदेहितामा पूर्णरूपमा असफल भएको निष्कर्ष निकालेको छ। कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज घटनादेखि राहदानी खरिद प्रकरण, गृहमन्त्री विवाद, भ्रष्टाचार, कूटनीति, सुकुम्बासी, किसान, शिक्षा, निजी क्षेत्र र महँगीसम्मका विषय उठाउँदै सरकारको कार्यशैलीमाथि प्रश्न गरेको छ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले बुधबार पार्टी केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरेर सरकारविरूद्धको १५ बुँदा सरकार असफल भएको दावी सार्वजनिक गरेका हुन्। 'सबै तथ्यहरूले एउटै सत्य देखाउँछ, सरकार सुशासन, पारदर्शिता र जवाफदेहीतामा पूर्णरूपमा असफल भएको छ,' उनले भने-'सरकारका कमजोरीले सरकारप्रति जनविश्वास निरन्तर खस्किएको छ।' कांग्रेसले सरकारलाई राजनीतिक स्टन्टबाट आफ्नो बचाउ गर्ने नभएर पूर्ण पारदर्शिता र जवाफदेहीताबाट जनविश्वास पुनर्स्थापित गर्न पनि सुझाव दिएको छ। अन्यथा इतिहासले झण्डै दुईतिहाइ बहुमतप्राप्त सरकारलाई समस्या लम्ब्याएर राजनीतिक लाभ खोज्ने असफल सरकारका रूपमा लेख्ने कांग्रेसको भनाइ छ।

'जनताले नारा होइन, परिणाम खोजेका छन्। आश्वासन होइन, कार्यान्वयन खोजेका छन्। सरकारले राजनीतिक स्टन्टबाट आफ्नो बचाउ गर्ने होइन, पूर्ण पारदर्शिता र जवाफदेहिताबाट जनविश्वास पुनःस्थापित गर्नुपर्छ,' प्रवक्ता चालिसेले भने-'अन्यथा इतिहासले यस सरकारलाई समस्या लम्ब्याएर राजनीतिक लाभ खोज्ने असफल सरकारका रूपमा लेख्ने छ।'

कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज घटनामा सरकारी संयमता र जवाफदेहीताको अभाव देखिएको ठहर गरेको छ। सुनसरीको देवानगञ्ज-कप्तानगञ्जमा भएको घटना र घटनापछिको तनावपूर्ण परिस्थिति गम्भीर चिन्ताको विषय भएको कांग्रेसको भनाइ छ।

'सुनसरी, लहानको घटनामा राज्य संयमित र जिम्मेवार भएर प्रस्तुत हुन सकेन। नागरिक सम्मुख राज्यको उपस्थिति बन्दुकको गोली, लाठी र दमनमा भेटिनु उदेकलाग्दो स्थिति हो,' प्रवक्ता चालिसेले भने-'सरकारका व्यक्तिहरू फेसबुकमा सीमित हुनु र निजी सहयोगीलाई घटनास्थलमा पठाउनुले नै सरकारको मनोदशा प्रकट भएको छ।'

कांग्रेसले राष्ट्रिय संकट सबैको साझा दायित्व भएको भन्दै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकता कायम राख्न सबै पक्षलाई आग्रह गरेको छ। साथै, घटनामा मृत्यु भएकाका परिवारलाई सुरक्षा, घाइतेको निःशुल्क उपचार र आगजनी तथा तोडफोडबाट भएको क्षतिको तत्काल उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

कांग्रेसले घटनाको छानबिन गर्न स्वतन्त्र, निष्पक्ष, र विश्वसनीय उच्चस्तरीय न्यायिक आयोग गठनको पनि माग गरेको छ। 'घटनाको निष्पक्ष, स्वतन्त्र र विश्वासयोग्य छानबिन गर्न हाल सरकारले बनाएको समिति सरकारका कमजोरी लुकाउने समितिमा सिमित हुने संशय विद्यमान छ,' चालिसेले भने-'त्यसैले सरकारी समिति होइन, स्वतन्त्र, निष्पक्ष, र विश्वसनीय उच्चस्तरीय न्यायीक आयोग बन्नु पर्दछ। यो मागलाई गम्भिरतापूर्वक लिइयोस्।'



कांग्रेसले भदौ २३-२४ को घटनाबारे सबै पक्षले स्वीकार गर्ने स्वतन्त्र उच्चस्तरीय आयोग गठन गर्न नसक्नु सरकारको नैतिक असफलता भएको आरोप लगाएको छ। कांग्रेसले यसअघि नै गौरीबहादुर आयोगको प्रतिवेदन अस्पष्ट, अपूर्ण र अधुरो रहेको धारणा सार्वजनिक गरिसकेको स्मरण गराएको छ। 'सरकारले सबै पक्षले स्वीकार गर्ने उच्चस्तरीय स्वतन्त्र आयोग निर्माण गर्न किन सकेन ?,' प्रवक्ता चालिसेले प्रश्न गर्दै भने-'यो सरकारको यो नैतिक असफलता हो।' कांग्रेसले मानवअधिकार आयोगको प्रतिवेदनमा सरकारमै रहेका केही व्यक्तिको भूमिकाबारे थप अनुसन्धान र कानूनी प्रक्रिया अघि बढाउन सिफारिस गरिएको उल्लेख गर्दै आरोपित व्यक्तिहरू सरकारमै रहँदा हुने अनुसन्धान निष्पक्ष हुन नसक्ने जनाएको छ। यस्तो अवस्थालाई कांग्रेसले आलोचित र सन्देहपूर्ण भन्दै सरकारको व्यवहारमाथि प्रश्न उठाएको छ।

कांग्रेसले मानवअधिकार आयोगको प्रतिवेदन दृढतापूर्वक कार्यान्वयन गर्न सरकारसँग माग गर्दै पीडितलाई न्याय, दोषीलाई कारबाही र निर्दोषलाई सम्मान हुने वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

कांग्रेसले विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि सरकारले सर्वसत्तावादी अभ्यास गरेको आरोप लगाएको छ। सभापति गनगकुमार थापालगायत सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्ति र कार्यालयलाई लक्षित गर्दै गृह मन्त्रालयकै संरक्षण र निर्देशनमा आपराधिक मनोवृत्तिका व्यक्तिबाट निगरानी र त्रास सिर्जना गरिएको कांग्रेसले दाबी गरेको छ।

'सरकारको सर्वसत्तावादी अभ्यास नेपाली कांग्रेसका सभापतिलगायत विभिन्न सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्ति वा कार्यालयलाई लक्षित गरी गृह मन्त्रालय कै संरक्षण र निर्देशनमा अपराधिक मनोवृत्ति भएका व्यक्तिहरूबाट सवारी साधन प्रयोग गरी निगरानी राख्ने, त्रास सिर्जना गर्ने जस्ता निन्दनीय कार्य भयो।'- कांग्रेसले भनेको छ।

कांग्रेसले राज्यकै प्रत्यक्ष संलग्नता पुष्टि हुने यस्ता गतिविधि संविधानले सुनिश्चित गरेको नागरिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता र विधिको शासनमाथिको प्रत्यक्ष आक्रमण भएको जनाएको छ। लोकतन्त्रमा सत्ताको आडमा विपक्षीलाई तर्साउने, आलोचकलाई आतंकित बनाउने र प्रेस स्वतन्त्रता कुण्ठित गर्ने कार्य सर्वथा अस्वीकार्य रहेको कांग्रेसको भनाइ छ।

कांग्रेसले प्रश्न सोध्ने जेनजी अभियन्तामाथि भएको आक्रमण र पक्राउको पनि विरोध गरेको छ। माइतीघर मण्डलाबाट पक्राउ परेका तीन जना जेनजी अभियन्ता सात दिनदेखि हिरासतमा रहेको उल्लेख गर्दै प्रश्न सोधेकै आधारमा पक्राउ गर्ने प्रवृत्ति तत्काल अन्त्य गर्न सरकारसँग माग गरेको छ।

» बाँकी ३ पेजमा

## सरकारी ढिलासुस्तीले ६० हजार विद्यार्थी अन्योलमा

बुटवल। चिकित्सा शिक्षा आयोगका पदाधिकारी नियुक्तिमा सरकारी ढिलासुस्तीले चिकित्सा शिक्षा प्रणाली नै अस्तव्यस्त बनेको छ। आयोगका निर्देशक र सदस्यहरू रिक्त रहँदा एमबीबीएस, बीडीएस, बीएससी नर्सिङसहित स्नातक तहका १६ विधाको एकीकृत प्रवेश परीक्षा अनिश्चित बनेको छ।

आयोगले आफैं सार्वजनिक गरेको शैक्षिक क्यालेन्डर कार्यान्वयन हुन नसक्दा करिब ६० हजार विद्यार्थी अन्योलमा परेका छन्। स्नातकोत्तरदेखि विशेषज्ञता तहसम्मको अध्ययन तालिका प्रभावित हुने देखिएको छ।

प्रधानमन्त्री तथा आयोगका अध्यक्ष बालेन शाहले २३ असारमा उपाध्यक्षमा प्रा.डा. देवेन्द्रबहादुर खत्रीलाई नियुक्त गरे पनि निर्देशक र सदस्यहरू अझै नियुक्त भएका छैनन्। आयोगभित्र नेसनल बोर्ड अफ मेडिकल स्पेसियलिटी, परीक्षा निर्देशालय, योजना तथा नवप्रवर्तन निर्देशालय र मापदण्ड निर्देशालय गरी चार वटा प्रमुख निर्देशनालय छन्।

यी सबै आयोगको मेरुदण्डका रूपमा रहे पनि निर्देशक नियुक्ति नहुँदा सम्पूर्ण प्रशासनिक र शैक्षिक गतिविधि ठप्प बनेको छ। आयोगले ११ असारमा सार्वजनिक गरेको शैक्षिक क्यालेन्डरअनुसार साउनको पहिलो साताभित्रै प्रवेश परीक्षाको आवेदन खुलाइसक्नु पर्ने थियो। तर साउनको तेस्रो साता बितिसक्दा पनि आवेदन आह्वान हुन सकेको छैन। आवेदन प्रक्रिया नै सुरु नभएपछि सम्पूर्ण शैक्षिक तालिका पछाडि धकेलिने भएको छ।

चिकित्सा शिक्षा आयोगका सदस्यसचिव वसन्तप्रसाद कोइरालाले प्रवेश परीक्षाको सूचना प्रकाशनमा ढिलाइ भएको स्वीकार गरे। तर निर्देशक पद रिक्त रहे पनि शैक्षिक कार्यक्रम र प्रवेश प्रक्रियामा कुनै अवरोध नआएको उनको दाबी छ।

कोइरालाको दाबीअनुसार आयोगले आवश्यक तयारी पूरा गरिसकेको छ र निर्देशक नियुक्ति नहुँदै पनि नियमित प्रशासनिक तथा शैक्षिक काम अघि बढाइएको छ। उनका अनुसार आयोगले सम्बन्धित सूचना यही साताभित्र सार्वजनिक गर्ने तयारी गरेको छ। सूचना प्रकाशनमा केही ढिलाइ भएको स्वीकार गरे। 'आन्तरिक प्रक्रियाका कारण ढिलाइ भएको हो। निर्देशक नहुँदा काम रोकिएको होइन।'- कोइरालाले भने।

यसै सातादेखि सूचना प्रकाशन गर्ने र त्यसपछि प्रक्रिया अघि बढाउने दाबी गरे पनि आयोगले आफैं बनाएको क्यालेन्डर जोगाउन भने कठिन हुने देखिन्छ।

आयोगको तालिकाअनुसार आवेदन खुलाएपछि कम्तीमा एक महिना फाराम भर्न समय दिनुपर्छ। त्यसपछि शिक्षण संस्थाको स्थलगत अनुगमन, सिट निर्धारण, प्रवेश परीक्षा सञ्चालन र नतिजा प्रकाशनका चरण पूरा गर्नुपर्ने हुन्छ। अहिले नै आवेदन ढिलो हुँदा यी सबै प्रक्रिया स्वाभाविक रूपमा पछाडि बढ्ने छन्। यसको असर समयमै कक्षा सञ्चालनमा पर्नेछ।

देशभर त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालनमा रहेका ९३ शिक्षण संस्थामा चिकित्सा शिक्षा पढाइ हुँदै आएको छ। गत वर्ष ९ हजार २७५ सिटका लागि करिब ५८ हजार विद्यार्थी प्रवेश परीक्षामा सहभागी भएका थिए। यस वर्ष कक्षा १२ मा उत्तीर्ण हुने विद्यार्थीको संख्या बढेकाले आवेदन दिने संख्या अझ बढी हुने आयोगको अनुमान छ।

आयोगका पूर्वाउपाध्यक्ष डा. श्रीकृष्ण गिरीले सरकारले स्वास्थ्य र चिकित्सा शिक्षा जस्तो संवेदनशील क्षेत्रलाई आवश्यक प्राथमिकता नदिएको आरोप लगाउँदै नेतृत्वको उदासिनतामाथि प्रश्न उठाए।

गिरीका अनुसार निर्देशक नहुँदा परीक्षा मात्रै होइन, नयाँ योजना निर्माण, अनुगमन, मापदण्ड कार्यान्वयन, निरीक्षण र वार्षिक योजना कार्यान्वयनसमेत प्रभावित हुने छन्। सरकारको सबैभन्दा ठूलो कमजोरी समयको संवेदनशिलता नबुझ्नु भएको गिरीको भनाइ छ।

उनका अनुसार आयोगले आफैं सार्वजनिक गरेको शैक्षिक पात्रो कार्यान्वयन गर्नसमेत निर्देशक नियुक्ति अत्यावश्यक छ। अन्यथा एक कार्यक्रम ढिलो हुँदा त्यसको प्रभाव अर्को कार्यक्रममा क्रमशः सर्दै जानेछ। यो विषय संसद्मा समेत पुगेको छ।

» बाँकी ३ पेजमा

## सरकारको दिनगन्ती सुरु भयो : विप्लव



बुटवल। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले वर्तमान सरकारको दिनगन्ती सुरु भएको टिप्पणी गरेका छन्। बुधबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महासचिव चन्दले सरकारको कार्यशैलीप्रति जनस्तरमा तीव्र असन्तुष्टि बढेका कारण यसको आयु छोटिन सक्ने दाबी गरेका हुन्।

परिवर्तनका पक्षधर र प्रगतिशील शक्तिहरूले समेत वर्तमान अवस्थालाई निराशाजनक रूपमा लिएको उल्लेख गर्दै उनले जनताले ठूलो धोका महशुस गरिरहेको बताए।

प्रधानमन्त्री बालेन्द्र साहको नेतृत्वप्रति जनतामा रहेको अपेक्षा पनि समस्यामा पर्दै गएको उनको भनाइ छ। देशको आर्थिक अवस्था डामाडोल भएकोप्रति चिन्ता व्यक्त गर्दै उनले विदेशी ऋणको भार, उत्पादनमा कमी, सुकुमवासी समस्या, मिटरब्याज र लघुवित्त पीडितका समस्याप्रति राज्य उदासीन रहेको आरोप लगाए। सरकारले यथाशिघ्र यी समस्या समाधान नगरे नयाँ आन्दोलन निर्माण गर्ने चेतावनी समेत उनले दिए।

महासचिव चन्दले भने-'राजनीतिक वृत्त, बुद्धिजीवी र कूटनीतिज्ञहरूबिच यो सरकारको दिनगन्ती सुरु भएको चर्चा भइरहेको छ। कतिपयले त दसैं-तिहार अगावै सरकार परिवर्तन हुनेसम्मको अड्कलबाजी गरिरहेका छन्। यो कति यथार्थ हो भन्ने कुरा आगामी दिनले प्रष्ट पार्ने नै छ, तर सरकारप्रति जनमानसको असन्तुष्टि भने बढ्दो छ।'

महासचिव चन्दले मुलुकको आन्तरिक राजनीतिक परिस्थितिसँगै अन्तर्राष्ट्रिय शक्ति सन्तुलन पनि चुनौतीपूर्ण बन्दै गएको उल्लेख गरे। अन्तर्राष्ट्रिय शक्तिहरूका गतिविधि नेपाली जनताको अपेक्षा र राष्ट्रिय हित अनुकूल हुन नसक्नु चुनौतीपूर्ण रहेको उनले स्पष्ट पारे।

» बाँकी ३ पेजमा

## पहिलोपटक सामुदायिक वनमा सरकारी अडिट सुरु



**टिआर शर्मा**
*बुटवल*

सामुदायिक वन उपभोक्ता समूहहरूमा सुशासन, वित्तीय पारदर्शिता र जवाफदेहितालाई संस्थागत बनाउने उद्देश्यले नेपालमै पहिलोपटक सामुदायिक वनहरूको आय-व्यय र कामहरुको सम्बन्धित सरकारी निकायबाट संस्थागत अडिट अभियान सुरु भएको छ। डिभिजन वन कार्यालय अर्घाखांचीले पहिलो चरणमा सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन लागू भएका ४५ वटा सामुदायिक वनमा अडिट सुरु गरेको हो।

यो अभियानअन्तर्गत डिभिजन वन कार्यालयकै प्राविधिक टोलीले समूहहरूको आय-व्यय, नगद तथा बैंक कारोबार, निर्णय पुस्तिका, खरिद प्रक्रिया, लेखा प्रणाली, वार्षिक योजना, भौतिक प्रगति तथा समग्र आन्तरिक नियन्त्रण प्रणालीको स्थलगत परीक्षण गर्ने जाँचबुझ समितिका संयोजक केशर खड्काले बताए।

संयोजक खड्काका अनुसार यो नियमित लेखापरीक्षण मात्र नभई समुदायमा आधारित संस्थाको सुशासन परीक्षण हो। 'हालसम्म सामुदायिक वनहरूले बाह्य लेखा परीक्षकबाट अडिट गर्ने गरेका थिए, तर सम्बन्धित सरकारी निकायबाट यसरी आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत परीक्षण गरी सुशासन र संस्थागत सुधारका लागि सुझाव दिने अभ्यास नेपालमा पहिलो पटक सुरु गरिएको हो,' जाँचबुझ समितिका संयोजक केशर खड्काले भने-'अडिट अभियानअन्तर्गत प्रत्येक समूहको आर्थिक अनुशासन, निर्णय प्रक्रिया, अभिलेख व्यवस्थापन, वित्तीय जोखिम, कानुनी पालना तथा उत्तरदायित्वको अवस्था मूल्याङ्कन गरिनेछ। परीक्षणपछि प्रत्येक समूहलाई सुधारका लागि लिखित सुझावसहितको प्रतिवेदन उपलब्ध गराइने र सुधार कार्यान्वयनको अनुगमनसमेत गरिने छ।'

भदौ मसान्तसम्म ४५ वटै वनको अडिट गरेर सकिने र प्रतिवेदन बनाएर सामुदासयक वनहरुलाई हस्तान्तरण गरिने खड्काले बताए।

यस्तो अभ्यासले भविष्यमा आर्थिक अनियमितता न्यूनीकरण, पारदर्शिता अभिवृद्धि र संस्थागत क्षमता विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

जाँचबुझ समितिका संयोजक खड्काका अनुसार, यसको उद्देश्य वन समूहलाई कारबाही गर्नु नभई सामुदायिक वनहरूलाई अझ जिम्मेवार, पारदर्शी र आत्मनिर्भर बनाउनु हो। डिभिजन वन कार्यालयले पहिलो चरणमा ४५ सामुदायिक वन उपभोक्ता समूहबाट अभियान सुरु गरेको र आगामी दिनमा जिल्लाभरका सबै सामुदायिक वनमा विस्तार गर्ने योजना बनाएको जनाएको छ।

» बाँकी ३ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी'
सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## गाई–भैंसीलाई सुत्केरी भत्ता

पशुपालनमा किसानलाई आकर्षित गर्न रूपन्देहीको कञ्चन गाउँपालिकाले गाई–भैंसी सुत्केरी स्याहार तथा पोषण भत्ता दिने कार्यक्रम लागु गरेको छ। पशुपालनबाट किसान अलग हुँदै गइरहेको बेला व्यवसायिक पशुपालनका लागि यो कार्यक्रम लाभदायक देखिएको छ।

कतिपय कार्यक्रम सामान्य खालका देखिए पनि ती कार्यक्रमको प्रभावकारिता धेरै हुन्छ। गाई-भैंसीलाई सुत्केरी स्याहार तथा पोषण भत्ता एउटा त्यस्तै कार्यक्रम हो, जसको प्रभावकारिता देखिन थालेको छ। आर्थिक वर्ष २०८१।०८२ देखि सञ्चालनमा आएको यो कार्यक्रम गाउँपालिकाले पालिकाभित्र गाई वा भैंसी ब्याउँदा प्रति पशु ४ हजार रुपैयाँ प्रोत्साहन भत्ता उपलब्ध गराउँछ। कञ्चन गाउँपालिकाले दिएको जानकारी अनुसार, आर्थिक वर्ष २०८१ ।०८२ मा ५ सय ५१, आब २०८२।०८३ मा ६ सय १३ गाई भैंसीलाई ४६ लाख ५४ हजार रुपैयाँ सुत्केरी स्याहार तथा पोषण भत्ता उपलब्ध गराइएको छ।

देशभरका ७ सय ५३ स्थानीय तहमध्ये अधिकांश पालिकाले गरेका कतिपय नमुना कामले नागरिकको मन जित्न सफल भएका छन् । रूकुमपूर्वको सिस्ने गाउँपालिकाले पनि भैंसीलाई सुत्केरी भत्ता कार्यक्रम अघि सारेपछि भैंसीपालन बढेको छ । भैंसीले दूध दिन छाडेपछि मासुको लागि बेचबिखन गर्ने प्रवृत्ति मौलाउँदै गएपछि पाडापाडीको संकट देखिएपछि पालिकाले भैंसीलाई सुत्केरी भत्ता दिन थालेको थियो । प्रति सुत्केसी भैंसीलाई ४ हजार रुपैयाँ उपलब्ध गराउँदा अहिले दूध दिन छाडेपछि भैंसी बेच्न छोडिएको छ। कतिपय पालिकाले उत्पादनमा आधारित अनुदान उपलब्ध गराएका छन् । धुर्कोट गाउँपालिकाले उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदै आएको छ। कृषि एम्बुलेन्स चलाएर किसानका उत्पादन बजार पठाउन सहज भएको छ। घोराही उप-महानगरपालिकाले पानीको संकट पूर्ति गर्न पोखरी निर्माण कार्यक्रम अघि सारेको छ । प्रदेश सरकारको सहयकार्यमा अहिले घोराहीमा एक दर्जन ठूला पोखरी निर्माण भएका छन् । ती पोखरीको पानी अहिले सिँचाइका लागि प्रयोग भएको छ। पोखरी निर्माणले भूमिगत पानीको सतह यथावस्थामा राख्न सघाउ पुगेको छ । पाल्पाको रिब्दीकोट गाउँपालिकाले अकबरे खुर्सानीको विरुवा किसानलाई अनुदानमा उपलब्ध गराएको छ । एक रोपनीमा अकबरे खुर्सानी खेती गरेर किसानले एक लाख कमाइरहेका छन् । गत वर्ष रिब्दिकोटका किसानले खुर्सानी बेचेर ६ करोड रुपैयाँ आम्दानी गर्न सफल भएका छन् । स्थानीय तहका यी नमूना कामले स्थानीय समस्या र आवश्यकताको पहिचान स्थानीय स्तरबाट हुनुपर्छ, त्यसो हुँदा विकासको लक्ष्य हासिल गर्न सकिन्छ।

कञ्चन गाउँपालिकासहित पालिकाले गरेका काम अरु पालिकाका लागि अनुकरणीय छन् । संघीय शासन प्रणालीको विशेषता भनेकै स्थानीय आवश्यकता पहिचान र त्यसको पूर्तिका लागि स्रोत जुटाउनु हो । यो मोडलको विकास दीगो हुन्छ। यस्तो मोडलले सरकारप्रति नागरिकको अपनत्व बढ्दै जान्छ।

## मधेशमा लैङ्गिक हिंसा :

# जिन्दगी ठूलो कि इज्जत ?



बबिता बस्नेत

*इज्जतको नाममा महिलाहरूले आफूमाथि हुने गरेको हिंसाकाविरुद्ध कुनै कदम नचाली चुपचाप आत्महत्या गर्ने गरेका घटनाहरू पनि रहेछन्, जसको खोजी खासै भएन/हुने गरेको छैन । परिवारको इज्जत र प्रतिष्ठा भन्दा जिन्दगी ठुलो हो भन्ने कुरा अब महिलाहरूले बुझ्नुपर्छ । कानुन कार्यान्वयनका निकायहरूले पनि महिला हिंसाका घटनालाई सामान्य रुपले नलिइ दोषीलाई कानुनी दायरामा ल्याएर सजायको भागीदार बनाउनु पर्छ ।*

नेपाल सरकारले सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको वर्ष घोषणा गरी कार्य-योजना समेत बनाएको थियो । तर उक्त कार्य-योजनाको कार्यान्वयन भने खासै भएन। सरकारले त्यतिबेला लैङ्गिक हिंसाविरुद्धको वर्ष घोषणा गर्नुको प्रमुख कारण मुलुकमा महिलामाथि बढ्दो हिंसा थियो । अहिले १६ वर्ष बितिसक्दा पनि महिलामाथि हिंसाको न्यूनीकरण हुन सकेको छैन। हिंसाका रूपहरू परिवर्तन भएका छन्, तर हिंसा कम भएको छैन । मुलुकभरी नै लैङ्गिक हिंसाका घटनाहरू हुनेगरेका छन् । प्रदेश स्तरबाट हेर्दा सबैभन्दा बढी घटना मधेश प्रदेशमा हुने गरेका छन् ।

वि.सं. २०८१ को श्रावणदेखि २०८२ को असारसम्ममा मुलुकभरी लैङ्गिक हिंसासम्बन्धी २१ हजार ६ सय ६७ घटना नेपाल प्रहरीमा दर्ता भएकोमा सबैभन्दा बढी ७ हजार ५ सय ८२ घटना मधेश प्रदेशमा भएका छन् । मधेश प्रदेशपछि लुम्बिनी प्रदेशमा ३ हजार ५ सय २४ घटना दर्ता भएका छन् भने काठमाडौं उपत्यकामा २ हजार ४ सय ७४ घटनाहरू दर्ता भएका छन् । त्यसपछि क्रमशः कोशीमा २ हजार २ सय ४०, बागमती (काठमाडौं उपत्यकाबाहेक) मा १ हजार ७ सय ९६, सुदूरपश्चिममा १ हजार ६ सय २, कर्णालीमा १ हजार २ सय ९० र गण्डकी प्रदेशमा १ हजार १ सय ५९ घटनाहरू दर्ता भएका छन् ।

'घरको इज्जत जान्छ कसैलाई नभन्नु' भरखर विवाह भएकी छोरीले माइतीमा आएर आफूमाथि भएका हिंसा र दुर्व्यवहारको कुरा गरिन् भने प्रायः भन्ने गरिन्छ । माइतीको इज्जत धान्नका लागि आफूमाथि भएको अन्याय सहेर बस्दा धेरै महिलाहरूको ज्यान गएको छ । कति चाहिँ मानसिक हिंसाको शिकार भएर अप्ठ्यारो जीवन बाँचिरहेका छन् । यो मधेशको मात्र नभइ देशब्यापी समस्या हो तर घरेलु हिंसा, दाइजोका कारण हुने हिंसालगायतका लैङ्गिक हिंसा मधेश प्रदेशमा बढिरहेको तथ्याङ्कहरूले देखाएका छन् । समयक्रममा हिंसाका रुपहरू पनि परिवर्तन भइरहेका छन् ।

**लैङ्गिक हिंसा के हो ?**

लैङ्गिक हिंसाका बारेमा चर्चा गर्नका लागि हिंसालाई बुझ्नुपर्ने हुन्छ । हिंसा कुनैपनि मानिसलाई अस्वीकार्य हुने व्यवहार हो जसले शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनजन्य या आर्थिक रुपमा हानी पुर्‍याउँदछ। हिंसा महिला, पुरुष या यौनिक तथा लैङ्गिक अल्पसंख्यक जोसुकैमाथि हुन सक्छ । हिंसाका प्रकार र रूपहरू समय-परिस्थितिअनुसार फरक-फरक हुन सक्छन्, फरक भइरहेका छन् । हिंसाले पुरुष, महिला, अन्य लिङ्गी सबैलाई असर गर्छ ।

लैङ्गिक हिंसाको कुरा गर्दा सामान्यतया लिङ्गको आधारमा हुने हिंसा लैङ्गिक हिंसा हो । विश्वमै महिलामाथि बढी हिंसा हुने गरेका कारण लैङ्गिक हिंसालाई महिलामाथि हुने हिंसाको रूपमा लिने गरिएको छ । लैङ्गिक हिंसाको अर्थचाहिँ महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक जोसुकैमाथि हुने हिंसा हो । लिङ्गकै आधारमा कोही हिंसामा पर्छ भने त्यो लैङ्गिक हिंसा हो ।

यसैगरी महिला भएकै कारणले हुने हिंसा महिलाविरुद्धको हिंसा हो । संयुक्त राष्ट्रसंघको महिलाविरुद्ध हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र १९९३ का अनुसार, 'लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य या मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुनसक्ने कुनैपनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण ब्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँदछ।'

**प्रहरीमा दर्ता भएका लैङ्गिक हिंसाका रुपहरू**

नेपाल प्रहरीमा दर्ता भएका लैङ्गिक हिंसामा जबर्जस्ती करणी अर्थात् बलात्कार, घरेलु हिंसा, बहुविवाह, बालविवाह, कुटपिट, दाइजो, दाइजोका कारण हत्या, घरेलु हिंसाका कारण हत्या, मानव बेचबिखन, बोक्सीको आरोप, दुर्ब्यवहारलगायतका हिंसाहरू रहेका छन् । जसमा घरेलु हिंसाका घटना सबैभन्दा धेरै दर्ता भएका छन् । मुलुकभरी १६ हजार ४ सय ९६ वटा घरेलु हिंसाका घटना दर्ता भएकोमा सबैभन्दा बढी ६ हजार ९ सय ४६ वटा घटना मधेश प्रदेशमा दर्ता भएका छन् । यी प्रहरीमा दर्ता भएका घरेलु हिंसाका घटना हुन् । प्रहरी या न्यायिक समितिमा दर्ता हुन नसकेका घटनाहरू धेरै छन् । दर्ता नभएका कारण ती घटनाहरूको गणना हुँदैन । माइती नेपालले चेलिबेटी बेचबिखनमा परेर उद्धार गरेका महिलाहरूको पृष्ठभूमि हेर्दा प्रायः घरेलु हिंसाकै कारण घर छोड्नुपर्ने अवस्थामा पुगेर बेचबिखनमा परेको देखिएको छ । आत्महत्याका घटनामा पनि महिलाहरूको आत्महत्याको कारण खोज्ने हो भने घरेलु हिंसामै आएर ठोकिन्छ । घर-परिवारका सदस्य, कुल खानदानको इज्जतको नाममा धेरै महिलाहरू उजुरीमा जाँदैनन् ।

**हिंसाको बदलिँदो रूप**

मधेश प्रदेशसभा सदस्य विभा झाका अनुसार, महिलामाथि हुने हिंसामा कानूनको कार्यान्वयनसँगै सोचाइमा परिवर्तन आवश्यक छ । मानिसहरूमा सचेतना आएपनि हिंसामा कमी नआउनुको कारण 'माइण्ड सेट' नै प्रमुख हो । जनकपुर उपमहानगरपालिका वडा नं ८ कि सदस्य मुन्नी दासले अहिले अधिकांश घरेलु हिंसा मोबाइलका कारणले हुने बताइन् । जनप्रतिनिधिहरूसम्म आइपुग्ने महिला हिंसाका घटनामा सामाजिक संजाल र मोबाइलमा हुने कुराकानी प्रमुख रहँदै आएको उनको भनाइ छ । उनले भनिन्- शारीरिकभन्दा मानसिक हिंसा बढिरहेको छ ।

मधेश प्रदेशमा रहेर पत्रकारिता गरिरहेका महोत्तरीनिवासी पत्रकार राकेश चौधरीका अनुसार, मधेशमा घरलु हिंसाका रुपहरू परिवर्तन भइरहेका छन् । विगतमा घर-परिवारमै बोक्सीको आरोप लाउने, दाइजोका कारणले कुटपिट र मानसिक हिंसालगातका कुरा हुन्थ्यो भने अहिले प्रविधिका कारण हिंसा थप जोडिन पुगेको छ । वैदेशिक रोजगारमा श्रीमान् हुने कतिपय महिलाहरूले विगतमा आफ्नै परिवारका सदस्य, नातेदारहरूबाट यौनहिंसा भोग्नुपरेका घटनाहरू हुन्थे भने अहिले थप हिंसाको रूपमा डिजिटल हिंसा जोडिएको छ । मोबाइलमा कसैसँग कुराकानी हुने, पति-पत्नीबिचमा सोही विषयलाई लिएर खटपट हुने, घरका सदस्यहरूले मोबाइलमा कुरा गर्दा शंकाकै भरमा पनि आरोपहरू लगाउने घटनाहरू बढ्दै गएका छन् ।

प्रविधिका कारण महिलाहरूलाई धेरै राम्रा अवसरहरू प्राप्त भएका छन्, तर चुनौती पनि त्यत्तिकै छ । घरेलु हिंसा मात्र होइन बलात्कार, चेलीबेटी बेचबिखन, यौन हिंसा जस्ता महिलाविरुद्धका हिंसा पनि सामाजिक सञ्जालमार्फत बढिरहेका छन् ।

**महिलामाथि हुने हिंसाविरुद्धको कानूनी अवस्था**

महिलामाथि हुने हिंसाविरुद्धका घटनालाई हेर्ने हो भने प्रायः ती सबै घटनाहरूमा उजुरी दिने र सजाय हुने कानूनी ब्यवस्था हामीकहाँ छ । बलात्कारदेखि चेलिबेटी बेचबिखन, यौन हिंसा, घरेलु हिंसा सबैमा कानूनी व्यवस्था रहेको छ । नेपालमा घरेलु हिंसालाई कानुनी दायरामा ल्याउन विगतमा महिला अधिकारकर्मीहरूले धेरै ठुलो पहल गर्नुपरेको थियो । महिला आन्दोलनले लगातार कानुनको माग गरेपछि वि.सं. २०६६ मा घरेलु हिंसाविरुद्धको कानुन कार्यान्वयनमा आएको थियो । घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ ले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसाका रूपमा परिभाषित गरेको छ। घरेलु सम्बन्धलाई थप स्पष्ट पार्दै ऐनको दफा २(ख)ले वंशज, विवाह वा धर्मपुत्र, धर्मपुत्री भएका वा संयुक्त परिवार, आश्रित वा कामदारका रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूको बिचमा भएको सम्बन्ध बुझ्नुपर्ने उल्लेख छ।

घरेलु सम्बन्धमा हुनेलाई कुटपिट गर्ने, थुनामा राख्ने, कुनै हिसाबले चोट पुऱ्याउने, पोल्ने, डाम्ने, शरीरमा पीडा गराउने कुनै कार्य गर्ने या गराउने गर्नु हुँदैन। उनीहरूलाई आर्थिक र यौनजन्य यातनासमेत दिन नहुने ऐनमा उल्लेख छ। घरेलु हिंसासम्बन्धी ऐनले मानसिक हिंसालाई पनि समेटेको छ । मानसिक हिंसाको परिभाषामा शारीरिक यातनाको डर-धाक देखाउने, गालीगलौज गर्ने, घर निकाला गर्ने, भेदभाव वा अपमान गर्ने, आत्महत्याका लागि दुरुत्साहन दिने वा गर्ने परिस्थिति खडा गर्ने कुरा समेटिएको छ। घरेलु हिंसा गर्नेलाई तीन हजार देखि २५ हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ भने ६ महिनासम्म कैदको व्यवस्था छ। नेपालका सबै गाउँपालिका, नगरपालिका, उप-महामहानगरपालिका र महानगरपालिकामा आउने महिलाविरुद्धका अधिकांश घटनाहरू घरेलु हिंसासँग सम्बन्धित हुनेगरेका छन् ।

**कानून महत्वपूर्ण कि समाज ?**

समाज सञ्चालनका लागि कानुन आवश्यक छ भनेर जङ्गबहादुर राणाले मुलुकी ऐन बनाएका थिए । वि.सं. १९१० अर्थात् १ सय ७३ वर्षअगाडि कानुनको परिकल्पना गर्दा हाम्रो समाज कस्तो थियो होला ? अचम्म त के भने त्यतिबेला जे-जे कुरामा सुधार ल्याउनका लागि जङ्गबहादुर कानून बनाउनुपर्ने निष्कर्षमा पुगेका थिए, ती कुराहरूबाट अहिलेसम्म पनि मानिसहरू पीडित बनिरहेकै छन् । 'सिधासाधा आइमाइहरूलाई धामी-झाँक्रीहरूले बोक्सी तैँ होस् भनी झुठो आरोप लगाउन थाले, यसप्रकारका अनर्थ कर्महरू भएको देखी-सुनी जङ्गबहादुरले अर्कालाई बोक्सीको आरोप लगाउने ब्यक्तिलाई सजाय हुने ऐन समेत बनाए।' श्री ३ हरूको तथ्य वृत्तान्तमा पुरुषेत्तम शम्सेर जबराले उल्लेख गर्नुभएको छ । त्यतिबेलाको समाजमै यस प्रकारको विकृति निमिट्यान्न पार्नका लागि ल्याइएको कानुनले अहिलेको समाजमा पनि जति गर्नुपर्ने हो त्यति काम गर्न सकेको छैन । नेपाल प्रहरीको तथ्याङ्कअनुसार, बोक्सीको आरोपमा आर्थिक वर्ष २०८१/८२ मा २९ जना महिलाहरूले यातना भोग्नु पर्‍यो । बोक्सीको आरोपमा यातना भोग्नेमा सबैभन्दा बढी २१ जना मधेश प्रदेशका घटना रहेका छन् ।

अधिवक्ता सविन श्रेष्ठका अनुसार, समाज नबदलिएसम्म कानून बनेर मात्रै खासै उपलब्धि नहुने रहेछ। अहिले मधेशमा मात्र नभइ अन्य प्रदेशमा पनि शारीरिक हिंसा कम हुँदै गएको तर मानसिक हिंसा बढेको देखिएको छ। मानिसहरू ठान्छन्- समाजले मनसिक हिंसा गर्‍यो, चोट पुऱ्यायो । समाज को हो भनेर खोज्दा त्यही हो जहाँ हामी बस्छौं । त्यसैले अब कानूनको कार्यान्वयनसँगै व्यक्तिमा परिवर्तन खोज्ने बेला आएको छ । व्यक्ति-व्यक्ति मिलेर समाज बन्ने हुँदा व्यक्ति राम्रो भए मात्रै समाज बन्ने भो । मानिसको एटिच्युडमा परिवर्तन ल्याउन सहज अवश्य छैन तर कोशिस गऱ्यो भने असम्भव पनि नहोला । सभ्यताको इतिहास प्रवृत्तिसँग सम्बन्धित छ । सभ्य समाजका अगाडि कानुनहरू बिना उपयोग चुपचाप बस्छन् । उपयोग गर्नै नपर्नु र कार्यान्वयन नहुनु फरक कुरा हो ।

महिलामाथि हुने हिंसाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी (सीड) कमिटीकी सदस्य बन्दना राणाको अनुभवमा कानुनसँगै मान्छेको सोच थप महत्वपूर्ण रहेछ । वर्षौंदेखि जकडिएर रहेको सोच र महिलालाई हेर्ने दृष्टिकोणको अन्त्यका लागि कानूनको कार्यान्वयन गर्ने मानिसहरूदेखि सर्बसाधारणसम्मको सोच बदल्नु अहिलेको आवश्यकता देखिएको छ । युएन वीमेन, माइती नेपाललगायतका संस्थाहरूको सहकार्यमा मधेश प्रदेशमा सञ्चालन भइरहेको हाम्रो साहस परियोजनाकी संयोजक रिंकु ठाकुर भन्छिन्- महिलामाथि हुने हिंसालाई सामान्य रूपले लिनु नै अहिलेको सबैभन्दा ठुलो चुनौती हो । महिला हिंसा न्युनीकरण गर्नका लागि हरेक व्यक्ति उत्तरदायी बन्नु जरुरी छ।

महिला हिंसाका घटनामा नीतिनिर्माताहरू गम्भीर नभएको अनुभव मधेश प्रदेश सभाकी पूर्वसांसद मञ्जु यादवको रहेको छ । उहाँले भन्नुभयो- 'प्रदेशसभामा हामीले पटक-पटक महिला हिंसाका कुरा उठायौं तर यो विषय राजनीतिक एजेण्डा बन्न सकेन।' आफूमाथि भएको हिंसामा महिलाहरूले कानूनी प्रक्रिया किन अवलम्बन गर्दैनन् ? यो पङ्क्तिकारले धनुषा र पर्साका सर्वसाधारण दश जना महिलासँग कुराकानी गर्दा अधिकांशले परिवारको इज्जत र प्रतिष्ठाका कारणले आफूमाथि हिंसा भए पनि उजुरी नगरेको बताए। इज्जतको नाममा महिलाहरूले आफूमाथि हुने गरेको हिंसाकाविरुद्ध कुनै कदम नचाली चुपचाप आत्महत्या गर्ने गरेका घटनाहरू पनि रहेछन्, जसको खोजी खासै भएन/हुने गरेको छैन। परिवारको इज्जत र प्रतिष्ठाभन्दा जिन्दगी ठुलो हो भन्ने कुरा अब महिलाहरूले बुझ्नुपर्छ। कानुन कार्यान्वयनका निकायहरूले पनि महिला हिंसाका घटनालाई सामान्य रुपले नलिइ दोषीलाई कानुनी दायरामा ल्याएर सजायको भागीदार बनाउनु पर्छ। घटना र विचारबाट

# खाना लगत्तैका यी बानीले गर्न सक्छन् स्वास्थ्यमा गम्भीर असर

कहिलेकाहीँ सन्तुलित खानेकुरा खाँदाखाँदै पनि पोषण नपुगेको जस्तो महसुस हुन सक्छ।

लगातार नै पोषण नपुगेको जस्तो, शरीरमा ऊर्जा नभएको वा शरीर भारी भएको जस्तो भएमा स्वास्थ्यमा सजगता अपनाउन आवश्यक छ । आहारविद् एवं जीवनशैली तथा योग प्रशिक्षक डा. राजु अधिकारीका अनुसार खाना खानेबित्तिकै मानिसबाट धेरै खालका गल्ती हुन सक्छन्, जसले फाइदा पुऱ्याउनुको साटो शरीरलाई हानि गरिरहेका हुन्छन् ।

खानालगत्तै धेरै पानी पिउने, फलफूल खाइहाल्ने, धूम्रपान गर्ने, नुहाउने, कडा शारीरिक गतिविधि गर्ने तथा सुत्ने बानीले हाम्रो शरीरमा नकारात्मक असर गरिरहेको हुन्छ। खानालगत्तै गरिने यी बानीले गर्न सक्छन् स्वास्थ्यमा **गम्भीर असर:**

**सुत्ने वा ढल्किने:**

खाना खाएलगत्तै सुत्दा खाना राम्ररी पच्दैन; अमिलो डकार आउने र छाती पोल्ने समस्या हुन्छ।

**चिया वा कफी पिउने:**

यसमा हुने तत्त्वले खानाबाट शरीरले सोस्नुपर्ने फलाम (आइरन) तत्त्वलाई नष्ट गर्छ।

**फलफूल खाने:**

खानासँगै वा लगत्तै फलफूल खाँदा पेटमा ग्यास बन्ने र अपच हुने समस्या देखा पर्छ।

**धेरै पानी पिउने:**

खाना खानेबित्तिकै धेरै पानी पिउँदा पाचन रस (डाइजेक्टिभ जुस) पातलिन्छ र खाना पच्न गाह्रो हुन्छ।

**नुहाउने:**

खाना खाएलगत्तै नुहाउँदा शरीरको रक्तसञ्चार छालातिर केन्द्रित हुन्छ, जसले पेटको पाचन क्रियालाई ढिलो बनाउँछ।

**चुरोट वा मदिरा सेवन गर्ने:**

यसले कलेजो र सम्पूर्ण पाचन प्रणालीमा अत्यन्तै नराम्रो असर पुऱ्याउँछ।

# नेप्सेमा सामान्य अंकको सुधार



काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापक नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार सामान्य अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७९ अङ्कले बढेर दुई हजार ६६७ दशमलव ९७ बिन्दुमा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६० अङ्कले बढेर ४६७ दशमलव ३६ बिन्दुमा पुगेको छ।

यसैगरी, फ्लोट परिसूचक शून्य दशमलव ०३ अङ्कले घटेर १८३ दशमलव २९ बिन्दुमा झरेको छ भने सेन्सेटिभ फ्लोट परिसूचक शून्य दशमलव ३० अङ्कले घटेर १५८ दशमलव २६ बिन्दुमा सीमित भएको छ।

विभिन्न कम्पनीका एक करोड ६७ हजार ७३२ कित्ता शेयर रु चार अर्ब ४० करोड ९८ लाख ८६ हजार ४५७ मा खरिदबिक्री भएको छ।

कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक बढेको छ भने आठ उपसमूहको परिसूचक घटेको छ। एक सय २२ कम्पनीको सेयर मूल्य बढेको, एक सय ४३ कम्पनीको घटेको तथा ११ कम्पनीको सेयर मूल्य स्थिर रहेको नेप्सेले जनाएको छ।

सोलु हाइड्रोपावर लिमिटेड, शिखर पावर डेभलपमेन्ट लिमिटेड र रिडी पावर कम्पनी लिमिटेडका लगानीकर्ताले सर्वाधिक कमाएका छन्।

त्यसैगरी, एभरेष्ट कलर लिमिटेड, कामना सेवा विकास बैंक डिबेञ्चर र मञ्जुश्री फाइनान्स लिमिटेड डिबेञ्चरका लगानीकर्ताले सर्वाधिक गुमाएका छन्।

## सरकारी बैंकका अधिकृतले भने :

# लगानीको वातावरण छैन

बुटवल । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बुधबार नेपाल राष्ट्र बैंकका विशिष्ट श्रेणीका कर्मचारीसँग छलफल गरेका छन् । मन्त्रीसँगको छलफलमा उनीहरूले बैंकिङ क्षेत्रमा कर्जाको माग बढ्न लगानीमैत्री वातावरणको विकास गर्नुपर्ने सुझाएका छन् । हाल कर्जाको माग नबढ्नुमा लगानी वातावरण नै प्रमुख रहेको उनीहरूले बताए ।

अर्थतन्त्रको पछिल्लो अवस्था र वित्तीय क्षेत्रका समस्या समाधानका लागि केन्द्रीय बैंकका विभागहरूले के कसरी काम गरिरहेका छन् भनेर बुझ्न अर्थमन्त्रीले उनीहरूलाई बोलाएका थिए ।

छलफलका क्रममा अर्थमन्त्रीले अर्थतन्त्रलाई गति दिन के कस्ता सुधार गर्नुपर्छ भनेर सुझाव समेत मागेका थिए । अर्थमन्त्रीले उद्योगी व्यवसायी र बैंकरसँग छलफल गरिसकेपछि राष्ट्र बैंकका कार्यकारी निर्देशकलाई भेटेका हुन् ।

मंगलबार वाणिज्य बैंकका प्रमुख कार्यकारीसँग भेटघाट गरेका अर्थमन्त्री वाग्लेले बुधबार केन्द्रीय बैंकका कार्यकारी निर्देशकहरू भेटेका हुन् । अर्थमन्त्रीसँग राष्ट्र बैंकले गरिरहेका काम र अर्थतन्त्रको अवस्थामा विषयमा छलफल भएको सहभागी एक कार्यकारी निर्देशकले बताए ।

'मन्त्रीले उद्योगी र बैंकरका कुरा सुनेपछि केन्द्रीय बैंकका हरेक विभागबाट के कस्ता काम भइरहेका छन्, जानकारी लिन खोजेको बुझियो,' ती कार्यकारी निर्देशकले भने-'आफ्नो विभागको काम कारबाही र कर्जा विस्तार गरी अर्थतन्त्रलाई गति दिन सुझाव समेत माग्नुभयो, साथीहरूले आ-आफ्नो तर्फबाट सुझाव पनि दिनुभयो ।'

अर्थमन्त्रीले कर्जा माग नबढेको तथा अर्थतन्त्रका यावत् समस्याहरूको बारेमा तपाईंहरूको के धारणा छ ? कसरी यसलाई समाधान गर्न सकिन्छ, के गर्दा ठिक हुन्छ ? तपाईंहरूका विभागबाट के-के कामहरु अगाडि बढ्दै छन् लगायतका जिज्ञासा राखेको ती कार्यकारीले बताए ।

अर्थमन्त्रीले उद्योगी व्यापारी तथा बैंकरका कुरा सुनेपछि कर्जा नजानुका कारणमा नीतिगत विषयलाई बुझ्न खोजेको उनले बताए । मन्त्रीले आवश्यक पर्यो भने नीतिहरूको पुनःपरिभाषित हुनुपर्ने, नीतिगत स्पष्टता ल्याउने, निर्णय क्षमता बढाउने, समस्या समाधान गर्ने, समस्याको व्यवस्थापन मात्रै नभइ समाधान गर्ने गरी कार्यकारी निर्देशकसँग छलफल गरेको उनले बताए । 'जोखिम छ भनेर अवसर गुमाउन नहुने अर्थमन्त्रीले बताएको ती कार्यकारीको भनाइ छ ।

साढे ९ बजे देखि ११ बजेसम्म १०-१२ जना कार्यकारीले आफ्ना कुरा राखेका थिए । सो क्रममा कार्यकारी निर्देशकहरूले उद्योगी व्यवसायीको मनोबल कमजोर भएकाले कर्जाको माग नबढेको बताएका थिए, त्यसका लागि नीतिगत तहमै काम गर्नुपर्ने विषय उठेको थियो । छलफमा अर्थ सचिवले बैंकका सीईओका कुराको आधारमा कर्जा नोक्सानी व्यवस्था, कालोसूची, चालु पूँजी कर्जा, सम्पत्ति वर्गीकरण, सेन्ट्रल केवाइसी, एएमएलको बारेमा स्पष्ट गर्न आवश्यक रहेको बताएको अर्का कार्यकारी निर्देशकले बताए ।

यस सन्दर्भमा स्पष्ट अवधारणा बनाइ आवश्यकता अनुसार कार्यान्वयनमा ल्याउनु पर्ने सचिवले बताएको उनको भनाइ छ । बैंकहरुले उठाएको विषयलाई चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत सम्बोधन गरिएको कार्याकारीहरुको भनाइ थियो । 'कतिपय विषय परिस्थितिजन्य भएकाले कार्यान्वयनमा आउन समय लाग्छ,' ती कार्यकारीले भने-'ब्याजले मात्रै कर्जाको माग घटाउन वा बढाउन निर्णायक भूमिका नखेल्ने साथीहरुको सुझाव थियो ।'

तर, अर्थमन्त्री तथा अर्थ सचिवले कुनै पनि निर्देशन नदिएको ती कार्यकारीको भनाइ छ । गभर्नर कार्यलले नै कार्यकारीहरुलाइ अर्थमन्त्रीसँगको मिटिङमा संयोजन गरेको उनको भनाइ छ ।

## हातहतियार मुद्दामा ८४ जना पक्राउ, ६७ थान हतियार बरामद




बुटवल । गत बैशाख १ गतेदेखि असार मसान्तसम्म देशभर सञ्चालन गरेको विशेष अभियानमा अवैध हातहतियारसम्बन्धी मुद्दामा संलग्न ८४ जनालाई पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौं उपत्यकाबाट आठ, कोशी प्रदेशबाट १४, मधेस प्रदेशबाट ११, बागमती प्रदेशबाट पाँच, गण्डकी प्रदेशबाट १८, लुम्बिनी प्रदेशबाट १३, कर्णाली प्रदेशबाट १० र सुदूरपश्चिम प्रदेशबाट पाँच जना पक्राउ परेका हुन् । उनीहरूबाट चाइनिज पेस्तोल दुई थान, पेस्तोल दुई थान, रिभल्भर एक थान, कटुवा पेस्तोल नौ थान, भरुवा बन्दुक ४१ थान, बन्दुक नौ थान र एयरगन तीन थान बरामद भएको छ ।

त्यसैगरी, चाइनिज पेस्तोलका चार राउन्ड, एसएलआरका २६३ राउन्ड, कटुवा पेस्तोलका १४ राउन्ड तथा विभिन्न प्रकारका बन्दुकमा प्रयोग हुने ७० राउन्ड गोलीसमेत बरामद भएको छ ।

गैरकानुनी हातहतियारको कारोबार तथा प्रयोगमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई अपराध नियन्त्रण तथा अपराधमुक्त समाज निर्माणका लागि निरन्तर सक्रिय नेपाल प्रहरीले हातहतियार लुकाएर राखिएको जानकारी भएमा प्रहरीलाई सूचना दिन तथा त्यस्ता हतियार स्वेच्छाले बुझाउन पनि सर्वसाधारणसँग अनुरोध गरेको छ ।

# ३२औं अन्तर्राष्ट्रिय आदिवासी दिवसको तयारी

परासी । नेपाल आदिवासी जनजाति महासङ्घ, जिल्ला समन्वय परिषद् नवलपरासीले ३२औं अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाउने भएको छ । प्राप्त अधिकार आजको अवश्यकता पहिचानसहितको सावेशी र न्यानपूर्ण नेपाल निर्माण हाम्रो प्रतिबद्धता मूल नाराका साउन-२४ गते सुनवलमा ३२ौं अन्तराष्ट्रिय दिवस मनाउने भएको हो ।

बुधबार भुमहीमा पत्रकार सम्मेलन गरी जिल्लाका ७ वटा एकल जातीय संगठनहरुले आ-आफ्नो जातीय भेष भुषासहित सुनवल चोकबाट प्रभातफेरी गर्दै महामाया रिर्सोटमा पुगेर कार्यक्रम गर्ने योजना तय गरिएको नेपाल आदिवासी जनजाति महासङ्घ, जिल्ला समन्वय परिषद् नवलपरासीकी अध्यक्ष टिचन गुरुङले जानकारी दिइन ।

विगतका वर्षहरुमा आन्दोलनका रुपमा दिवस मनाउने गरेको नेपाल आदिवासी जनजाति महासङ्घले यस वर्ष भने आन्दोलनका रुपमा नभै समायोजन र जनजातिका अधिकारहरुको रक्षामा केन्द्रित भएर दिवस मनाउन लागिएको अध्यक्ष गुरुङको भनाइ थियो ।

आफ्नै मौलिक संस्कार, संस्कृति, प्रथा, परम्परा र इतिहास भएका आदिवासी जातजाति समुदायलाई अहिले स्थानीय पालिकाहरुले समेत खासै चाँसो नदिएकाले आफूहरुले जिल्लाका सातवटै पालिकामा आदिवासी जातजाति समुदायको अधिकार प्राप्तीका लागि उचित बजेट विनियोजनका लागि पत्राचार गरेको समेत जानकारी दिइन ।

नेपाल आदिवासी जनजाति महासङ्घ, जिल्ला समन्वय परिषद् नवलपरासीकी अध्यक्ष टिचन गुरुङको अध्यक्षता र सल्लाहकार एवं सुनवल वडा नं. १ का वडाध्यक्ष मानबहादुर थापाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै प्रमुख अथिति थापाले आई.एल.ओ.१६९ र नेपालको संविधानले प्रदान गरेको आदिवासी जातजाति समुदायको हक अधिकार सुनिश्चित हुनु पर्ने बताए ।

नेपाल आदिवासी जनजाति महासङ्घ, जिल्ला समन्वय परिषद् नवलपरासीका सचिव उपेन्द्र प्रद्यानको सञ्चालन रहेको पत्रकार सम्मेलनमा जिल्ला समन्वय परिषद् नवलपरासीका सल्लाहकारद्धय देवराज चौधरी, मिलन गुरुङ ,थारु कल्याणकारी समाजका मुन्द्रिका चौधरी, नेपाल मगर संघका चनबहादुर गाहामगर, गुरुङ राष्ट्रिय परिषद्का उदिमबहादुर गुरुङ, नेवा देव दबुका शेष नारायण श्रेष्ठ, सोम गुरुङलगायत जातीय नेताहरुको उपस्थिति रहेको थियो ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**

**विषयः प्रमाणित सम्बन्धमा ।**



**श्री जो जससँग सम्बन्ध छ ।**

जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १० बस्ने मुक्त बहादुर थापा खाम्चाले आफू भारतीय भू.पु. TS No. 169939, 4GR., PPO NO. S/020112/2004, NK (नायक) पदको पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर मुक्त बहादुर थापा, जन्म मिति वि.सं. २०२५/१२/१३ (ई.सं. १९६९-०३-२६) र बाबुको नाम थर कुल बहादुर थापा खाम्चा उल्लेख भएको र निजको पेन्सन अभिलेखमा नाम थर Mukta Bahadur Thapa, जन्म मिति ई.सं. १९६८-०३-२७ र बाबुको नामथर Tahal Man Thapa उल्लेख भएको साथै निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर याम कुमारी थापा खाम्चा र जन्म मिति वि.सं. २०२७/११/०९ (ई.सं. १९७१-०२-२१) उल्लेख भएको र निजको पेन्सन अभिलेखमा पत्नीको नाम थर याम कुमारी थापा र जन्म मिति ई.सं. १९७१-०२- २३ उल्लेख भई आफू र आफ्नो पत्नीको नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित बुटवल उपमहानगरपालिका १० नं. वडा कार्यालयको च.नं. ७२ मिति २०८३/०४/१८ को सिफारिस पत्रबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ ।

**प्रमुख जिल्ला अधिकारी**

**सुशासन...**

कांग्रेसले सरकारले प्रश्न गर्ने मिडिया र नागरिकलाई नै प्रश्नहीन बनाउन खोजेको भन्दै प्रश्न उठाएको छ । सञ्चारमाध्यमलाई सरकारप्रति उत्तरदायी बनाउने प्रयास लोकतान्त्रिक मूल्यविपरीत भएको उसको दावी छ ।

'के सरकार प्रश्न सोध्ने मिडिया र नागरिकलाई प्रश्नहीन बनाउन खोज्दै छ ? के सरकारलाई उत्तरदायी बनाउने सञ्चारमाध्यमलाई उल्टै सरकारप्रति उत्तरदायी बनाउन चाहन्छ ?,' प्रवक्ताले प्रश्न गरे, 'संविधानको सीमा, प्रश्नको घेरा र जवाफदेहीताको जिम्मेवारीबोध सरकारमा रहेका बाहेकलाई लागू हुने हो ?'

कांग्रेसले उक्त घटनाको निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानबिन गरी सत्य सार्वजनिक गर्न तथा सरकारको संलग्नता नभएको भए त्यसको पुष्टि गर्न सरकारलाई चुनौती दिएको छ ।

'हामी चाहन्छौं- सरकारले यो आपराधिक क्रियाकलापविरूद्ध निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानबिन गरी सत्य सार्वजनिक गर्ने साहस देखाओस् र आफू संग्लन भएको छैन भने पुष्टि गरोस् ।'- प्रवक्ता चालिसेले भने ।

कांग्रेसले सरकार जनविश्वासको संकटमा परेको दाबी गर्दै राहदानी खरिद प्रकरण, प्रतिनिधिसभा नियमावली, भदौ २३-२४ का घटना, गृहमन्त्री विवाद, अभिव्यक्ति स्वतन्त्रता, सुकुम्बासी समस्या, किसानलाई मल अभाव, निजी क्षेत्रमा छापालगायत विषयमा पनि सरकारमाथि गम्भीर प्रश्न उठाएको छ । कांग्रेसले राहदानी खरिद प्रक्रियामा पारदर्शितामाथि प्रश्न उठाउँदै प्रधानमन्त्रीको सचिवालय, सल्लाहकार र सम्बन्धित कम्पनीबीचको सम्बन्धबारे सरकारले तथ्यसहित जवाफ दिनुपर्ने माग पनि गरेको छ ।

'प्रधानमन्त्रीको सचिवालय, सल्लाहकारहरू र फ्रान्सेली कम्पनीबीचको सम्बन्धबारे उठेका प्रश्न, सरकार र जर्मन कम्पनीबिचको विवादको वास्तविक कारणमा सरकारको आधिकारिक धारणा अझै स्पष्ट गरिएको छैन,' कांग्रेसले भनेको छ, 'यो विषयमा सरकारले तथ्यसहित स्पष्ट जवाफ दिनु पर्दछ ।'

कांग्रेसले गृहमन्त्री सुधन गुरूङमाथि उठेका गम्भीर आरोपको निष्पक्ष र स्वतन्त्र अनुसन्धान हुन नसकेको भन्दै सरकारको नियतमाथि प्रश्न उठाएको छ । सार्वजनिक पदमा रहेका व्यक्तिमाथि गम्भीर आरोप लागेपछि सर्वस्वीकार्य र स्वतन्त्र अनुसन्धान हुनुपर्ने भए पनि गृहमन्त्रीसम्बन्धी सरकारी अनुसन्धान प्रक्रिया नै विवादित बनेको कांग्रेसको भनाइ छ ।

'सार्वजनिक पदमा रहेका व्यक्तिमाथि गम्भीर प्रश्न उठेपछि त्यसमा निश्पक्ष, सर्वस्वीकार्य र स्वतन्त्र अनुसन्धान आवश्यक हुन्छ । तर, यो सरकारका गृहमन्त्री उपर लागेको संगीन अभियोगमा कथित सरकारी अनुसन्धान प्रक्रिया नै विवादमा पर्नु, निष्पक्ष नदेखिनु तथा प्रतिवेदन सार्वजनिक नहुनु र हतारमा पुनः जिम्मेवारी दिनुले सरकारको नियतमाथि प्रश्न गर्ने प्रशस्त ठाउँ दिएको छ ।'- चालिसेले भने ।

मानव अधिकार आयोगले भदौ २३-२४ को घटनामा आरोपित ठहर गरेका व्यक्तिलाई सरकारले आफ्नै संयन्त्रमार्फत् आफूअनुकूल आयोग बनाएर चोख्याउने प्रयास गरेको आरोप कांग्रेसको छ । 'कसुरजन्य आर्थिक आरोपमात्र होइन, मानवअधिकार आयोगले समेत भाद्र २३/२४ को घटनामा आरोपित गरेका व्यक्तिलाई सरकारले आफ्नै संयन्त्रबाट आफू अनुकुल आयोग बनाएर आफैंले चोख्याउने कार्य गर्नुले यो सरकारको निर्लज्जता प्रमाणित भएको छ ।'- प्रवक्ता चालिसेले भने ।

यसबाट सरकारप्रति जनविश्वास क्षतिग्रस्त भएको कांग्रेसको दाबी छ । कांग्रेसले भनेको छ- 'यसबारे सरकारको जवाफदेहिताको माग गर्दै सरकारले आफ्नो नियतमा स्वच्छता देखाओस् र व्यवहारमा कमजोरी सुधार गरोस् भन्ने आग्रह गर्दछौं ।

**'सरकारी...**

मंगलबार नेकपाका सांसद रमेशकुमार मल्लले सरकारको लापरबाहीका कारण आयोग निर्देशकविहीन बनेको र त्यसैका कारण कलेजहरूको सिट निर्धारणदेखि प्रवेश परीक्षा सञ्चालनसम्म रोकिएको बताए ।

मल्लले सरकारले कक्षा १२ को नतिजा छिट्टै सार्वजनिक गरेको भन्दै श्रेय लिने तर त्यसपछिको उच्च शिक्षाको भर्ना प्रक्रिया नै सुरु नगर्नु विडम्बना भएको टिप्पणी गरे । उनले हजारौं विद्यार्थीलाई अनिश्चिततामा राख्ने सरकारको गैरजिम्मेवारीमाथि प्रश्न उठाए ।

स्नातक तहको प्रवेश परीक्षा ढिलो हुँदा त्यसको प्रभाव स्नातकोत्तर र विशेषज्ञता तहमा समेत पर्ने भएको छ । आयोगको क्यालेन्डरअनुसार एमडी, एमएसलगायत स्नातकोत्तर कार्यक्रमको आवेदन मङ्सिर तेस्रो सातासम्म खुलाउनु पर्नेछ भने डीएम, एमसीएच र अन्य सब-स्पेसियालिटी कार्यक्रमको प्रक्रिया अझ पहिलेदेखि सुरु गर्नुपर्ने व्यवस्था छ । तर स्नातक तहकै तालिका बिग्रिएपछि माथिल्ला सबै कार्यक्रम प्रभावित हुने अवस्था बनेको छ ।

निर्देशक नियुक्तिमा ढिलाइले प्रवेश परीक्षा मात्र होइन, विशेषज्ञ चिकित्सकहरू पनि प्रभावित भएका छन् । आयोगअन्तर्गत सञ्चालन हुने 'नेसनल बोर्ड अफ स्पेसियालिटी' कार्यक्रमका तीन जना आवासीय चिकित्सकले पढाइ बैशाखमै पूरा गरे पनि अहिलेसम्म अन्तिम परीक्षा दिन पाएका छैनन् । जेठमै हुनुपर्ने विशेषज्ञ तहको अन्तिम परीक्षा अहिलेसम्म हुन सकेको छैन । वैशाख १९ गते अध्यादेशमार्फत् उपाध्यक्ष, सदस्यलगायत पदाधिकारी हटाइएपछि परीक्षा रोकिएको थियो ।

**सरकारको...**

महासचिव नेत्रविक्रम विप्लवले वर्तमान संसदीय पद्धतिमा आधारित कम्युनिस्ट आन्दोलनको औचित्य समाप्त भएको टिप्पणी गरे । संसदीय अभ्यासमा लागेका कम्युनिस्ट पार्टीहरूले दुई-तिहाइ बहुमत नजिक पुगेर पटक-पटक सरकारको नेतृत्व गरे पनि राज्यका निकायहरूमा कुनै ठोस परिवर्तन गर्न नसकेको उनको आरोप छ ।

मुलुकको विद्यमान राजनीतिक सङ्कट समाधानका लागि नेपालको राजनीतिले नयाँ निकास खोजिरहेको उल्लेख गर्दै उनले चार मित्र शक्तिहरूबीचको सहकार्यमा जोड दिए । देशका शक्तिहरू गम्भीर भएर एकै ठाउँमा उभिए मात्र मुलुकले नयाँ दिशा पाउने उनको तर्क छ ।

उनले भने-'हाम्रो दृष्टिमा संसदीय कम्युनिस्ट आन्दोलन आफ्नो उद्देश्यअनुसार सफल हुन सकेन । सरकारको नेतृत्व गरे पनि राज्यका संरचनामा अपेक्षित परिवर्तन गर्न नसकेकाले यसलाई नयाँ दृष्टिकोणबाट पुनर्गठन गर्न आवश्यक छ । नेपालको राजनीतिले पनि नयाँ निकास खोजिरहेको अवस्थामा देशका प्रमुख राजनीतिक शक्तिहरू गम्भीर छलफलमा जुट्नुपर्ने आवश्यकता छ ।'

महासचिव विप्लवले कम्युनिस्टहरूबिचको एकता मात्र पर्याप्त नहुने बताउँदै आम जनताका समस्याहरूलाई सम्बोधन गर्ने गरी एकीकृत आन्दोलन निर्माण गर्नुपर्ने बताए । कम्युनिस्टहरूले आफ्नो मूल लक्ष्य र उद्देश्यलाई आत्मसात् गर्दै जनतालाई सही दिशा निर्देश गर्नुपर्नेमा उनले जोड दिए ।

**पहिलोपटक ...**

अडिट टोलीमा नेपाल अडिटर्स एशोसिएसन लुम्बिनी प्रदेशका प्रतिनिधिलाई पनि सदस्य राखिएको छ । वन क्षेत्रका विज्ञ डा. राजेश राईले नेपालका सामुदायिक वनहरू स्थानीय विकास, रोजगारी सिर्जना, वन संरक्षण तथा स्थानीय अर्थतन्त्रका महत्वपूर्ण आधार भएकाले तिनको वित्तीय सुशासन सुदृढ हुनु अत्यावश्यक रहेकाले सरकारी निकायबाट हुने अडिटलाई देशभरका वनमा लागू गर्नुपर्ने बताउँछन् ।

'यस अभियानले सामुदायिक वन व्यवस्थापनलाई थप विश्वसनीय, उत्तरदायी र प्रभावकारी बनाउँछ, राज्यलाई राजस्व पनि वृद्धि गराउँछ,' डा. राईले भने-'कतिपय सामुदायिक वनमाथि लाग्दै आएको आर्थिक हिनामिना र भ्रष्टाचारको आरोपबाट पनि सरकारी अडिटले सत्य तथ्य छर्लङग पारिदिन्छ ।'

अर्घाखाँचीमा मात्रै ४४६ सामुदायिक वन रहेका छन् । ती मध्ये २५० वटा वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन लागू गर्न सकिने अध्ययनले देखाएको डिभिजन वन कार्यालय अर्घाखाँचीका सूचना अधिकारी केशर खड्काले जानकारी दिए । अर्घाखाँचीले लागू गरेको यो सरकारी अडिट देशभरका सामुदायिक वनमा लागू गर्ने हो भने सामुदायिक वन सुशासनमा पनि नमूना हुन सक्ने र वनबाट राजयलाई प्राप्त हुने कर आम्दानी पनि बृद्धि हुन सक्ने खड्का बताउँछन् ।

**श्री बी.पी. स्मृति प्राथमिक विद्यालय**
प्रतापपुर- ८. मरचहवा, नवलपरासी (ब.सु.प.)

**बालविकास सहजकर्ताको आवश्यकता ।**

उपरोक्त सम्बन्धमा यस श्री वि.पि. स्मृति प्रा.वि.मरचहवामा प्रारम्भिक बालविकास सहजकर्ताको आवश्यकता भएको हुनाले वि. व्य. स. को मिति २०८३/०४/०७ गतेको निर्णय तथा प्रतापपुर गाउपालिकाको मिति २०८३/०४ / १९ गते च.नं. ८९ को प्राप्त पत्र अनुसार १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुले तपसिल अनुसारको आवश्यक कागजातहरुको प्रतिलिपि सहित मिति २०८३/०५/०३ गतेसम्म विद्यालय समय भित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :-**

१. विज्ञापन नं :- ०१/०८३/०८४
२. पद / संख्या :- शिक्षक / १ (एक)
३. तह / नियुक्तिको किसिम :- प्रारम्भिक बालविकास सहजकर्ता (करार)
४. योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह (+२ वा सो सरह उर्त्तीण गरेको ५. तलब :- नेपाल सरकारले तोके अनुसार ।
६. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यक भए प्रयोगात्मक ।
७. दरखास्त दस्तुर :- १०००/- (एक हजार मात्र)

**- पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**
- नेपाली नागरिकताको प्रतिलिपी - शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि -स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि -अनुभव प्रमाणपत्रको प्रतिलिपि -निरोगिता प्रमाण पत्र

९. दरखास्त दिने अन्तिम मिति २०८३/०५/०३ गते विद्यालय समयभित्र
१०. सम्पर्क मिति :- २०८३/०५/०४ गते विद्यालय समयभित्र
११. परीक्षाको मिति र स्थान :- सम्पर्क मितिको दिन तोकिनेछ ।
नोट :- थप जानकारीको लागि विद्यालयमा वा मोबाईल नं. ९७४८७८९०१८ मा सम्पर्क गर्न सकिनेछ ।

**वि.व्य.स. अध्यक्ष**
**रामबेलास मल्लाह**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
सिद्धार्थनगर, रुपन्देही

**प्रमाणित सम्बन्धमा ।**

श्री जो जससँग सम्बन्ध छ ।

जिल्ला रूपन्देही, बुटवल उपमहानगरपालिका वडा नं. ११ बस्ने मधु थापा मगरले आफु भारतीय सरकारको भू.पू.सैनिक नं.५७५७६७३P, PPO नं. १७६२०२६०००५२, पद NB SUB MACPS पदको पेन्सनर रहेकोमा तपसिलका परिवारको नेपाली नागरिकता प्रमाण पत्र र पेन्सन अभिलेखमा फरक फरक नामथर र जन्ममिति उल्लेख भएता पनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नुभएकोमा सम्बन्धित बुटवल उपमहानगरपालिका ११ नं. वडा कार्यालयको च.नं.५८ मिति २०८३/०४/११को सिफारिसबाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ ।

तपसिलः

| क्र.सं. | नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेख भएको नामथर, जन्ममिति | नाता | भारतिय पेन्सन अभिलेखमा उल्लेख भएको नामथर, जन्ममिति | निवेदकले माग गरेको व्यहोरा |
|---|---|---|---|---|
| १. | नामथरः मधु थापा मगर (MADHU THAPA MAGAR) जन्ममितिः वि.स. २०३८/०९/११ ई.सं.: 26-12-1981 | पेन्सनर | नामथर : Madhu Thapa Magar जन्ममितिः 23-12-1981 | व्यक्ति एकै भएको |
| २. | नामथरः मिरा थापा मगर (MIRA THAPA MAGAR) जन्ममितिः वि.स.२०४३/१०/२७ ई.सं.: 10-02-1987 A.D. | पत्नी | नामथरः Meera Thapa Magar जन्ममितिः 11-02-1987 A.D. | व्यक्ति एकै भएको |
| ३. | नामथरः सजुन थापा मगर (SAJUN THAPA MAGAR) जन्ममितिः वि.स.२०६३/०३/२३ ई.सं.: 07-07-2006 | जेठी छोरी | नामथरः Sajun Thapa Magar जन्ममितिः 05-07-2006 | व्यक्ति एकै भएको |
| ४. | नामथरः सरुना थापा मगर (Saruna Thapa Magar) जन्ममितिः वि.स. २०६९/०९/२६ ई.सं.: 10-01-2013 A.D. | कान्छी छोरी | नामथरः Saruna Thapa Magar जन्ममितिः 08-09-2014 A.D. | व्यक्ति एकै भएको |



मधु थापा मगर मिरा थापा मगर सजुन थापा मगर सरुना थापा मगर

विश्व प्रकाश अर्याल
प्रमुख जिल्ला अधिकारी

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८३ साउन २१ गते, बिहीबार
Thursday August 06, 2026
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# विपद् न्यूनीकरण सचेतना अभियान तीव्र बनाऔं :मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मनसुनजन्य विपद्का कारण मानवीय तथा भौतिक क्षति बढ्दै गएको भन्दै घटना र क्षति न्यूनीकरणका लागि सचेतना अभियानलाई तीव्र बनाउन निर्देशन दिएका छन् ।

लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्को मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बुधवार सम्पन्न १४औं बैठकलाई सम्बोधन गर्दै परिषद्का अध्यक्षसमेत रहनुभएका मुख्यमन्त्री आचार्यले विपद् न्यूनीकरणमा पूर्वतयारी, जनचेतना र सबै निकायबिचको समन्वयलाई प्रभावकारी बनाउन निर्देशन दिएका हुन् ।

बैठकमा मनसुनजन्य जोखिम न्यूनीकरणका लागि सिँचाइ नहर तथा जोखिमयुक्त जलाशय वरिपरि तारबार गर्ने, सार्वजनिक पोखरी तथा झ्यामामा चेतावनी बोर्ड राख्ने, बालबालिकालाई कुलो तथा पोखरीमा पौडी खेल्न नदिन अभिभावक केन्द्रित सचेतना अभियान सञ्चालन गर्ने तथा किसानलाई चट्याङ र अत्यधिक वर्षाबाट जोगिने उपायबारे जानकारी गराउने तयारी गरिएको जानकारी गराइएको छ ।

लुम्बिनी प्रदेशमा विगतेको दुई महिनामा मात्रै मनसुनजन्य विपद्का घटनामा परेर ५२ जनाको मृत्यु भएको छ । जेठ १८ गतेदेखि साउन १९ गतेसम्मको अवधिमा लुम्बिनी प्रदेशमा मनसुनजन्य ७२ वटा विपद्का घटना भएका छन् । ती घटनामा ५२ जनाको मृत्यु, १० जना घाइते र एक जना बेपत्ता भएका छन् । आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयका अनुसार मृत्युमध्ये ४४ जनाको ज्यान पानीमा डुबेर गएको छ, जुन कुल मृत्युदरको करिब ८४ प्रतिशत हो ।

बैठकले मनसुनजन्य विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन विभिन्न निर्णयसमेत गरेको मन्त्रालयका सचिव भरतमणी पाण्डेले जानकारी दिए । मनसुन सक्रिय रहेकाले सूचना संकलन तथा संप्रेषण, पूर्वतयारी, प्रतिकार्य, खोज तथा उद्धारका लागि सबै सुरक्षा निकाय, स्थानीय तह, स्थानीय प्रशासन, विषयगत निकाय, नेपाल रेडक्रस सोसाइटी तथा सामाजिक संघसंस्थालाई तयारी अवस्थामा रहन निर्देशन दिने निर्णय गरिएको छ । साथै विपद् व्यवस्थापनमा सबै सरोकारवाला निकायलाई समन्वयात्मक रूपमा परिचालन गर्न आग्रह गरिएको छ ।

यस्तै, युनिसेफको भैरहवा कार्यालयबाट लुम्बिनी प्रदेश सरकारलाई हस्तान्तरण गरिने पाँच कन्टेनर राहत सामग्री सुरक्षित रूपमा भण्डारण तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइने निर्णय गरिएको छ ।

बैठकले मनसुनजन्य विपद्का घटनामा तत्काल प्रतिकार्य, खोज तथा उद्धार तथा अनुगमनका लागि सुरक्षा निकायसँग पर्याप्त सवारी साधनको अभाव रहेको निष्कर्ष निकाल्दै प्रदेश विपद् व्यवस्थापन कोषबाट लुम्बिनी प्रदेश प्रहरी कार्यालयलाई सवारी साधन व्यवस्थापन, इन्धन, मर्मतसम्भार तथा भाडाका लागि १० लाख रुपैयाँ तथा सशस्त्र प्रहरी बल नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देहीलाई पाँच लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ ।

त्यसैगरी, विपद्का कारण मृत्यु भएका व्यक्तिका परिवारलाई राहत वितरण प्रक्रियालाई सहज बनाउन लुम्बिनी प्रदेशका सबै जिल्लाका जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम पाँच लाख रुपैयाँ रहने व्यवस्था मिलाउने तथा जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् नै प्रक्रिया पूरा गरी राहत उपलब्ध गराउन प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६ संशोधन गर्न सिफारिस गर्ने निर्णय पनि बैठकले गरेको छ ।

# विदेशबाट फर्किएर व्यवसायिक खेतीमा कोइरी

**गौरीशंकर जयसवाल**
*परासी*



परिश्रम र मेहेनत गर्ने हो भने गाउँमै बसेर पनि लाखौं रुपैयाँ आम्दानी गर्न सकिन्छ छ । विदेशभन्दा आफ्नै गाउँमै बसेर व्यवासयिक तरकारी खेती गर्न सके राम्रो आम्दानी गर्न सकिन्छ । व्यवसायिक तरकारीखेती गतिलो उदाहरण बनेका छन्, रामग्राम नगरपालिकाका वडा नं. १५ स्थित सुक्रौलीका बैजनाथ कोइरी ।

उनी व्यवासयिक रुपमा तरकारी खेती गरेर राम्रो आम्दानी गर्न सफल भएका छन् । उनले व्यवसायिक तरकारी खेती १० कट्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा गर्दै आएका छन् । उनी तरकारी खेतीबाटै मासिक १ लाख आम्दानी गर्न सफल भएका छन् ।

व्यवसायिक खेतीबाटै परिवार पाल्दै आएको बताउँदै उनले आफ्नो ८ जना परिवार रहेको जनाए । उनका दुई जना छोरी एक छोरा श्रीमतीसहित आमा बुवा छन् ।

छोराछोरीहरुलाई यही व्यवसायिक तरकारी खेतीबाट पढाउने गरेको र घरपरिवार पाल्दै आएको कोइरीले बताए । उनले भने -'व्यवसायिक रुपमा सृजना कृषि फार्म दर्ता गरी विगत ६ वर्षदेखि व्यवसायिक तरकारी खेती गर्दै आएको छु ।' सूरुमा उद्याम शिल कर्जा १० लाख लिई व्यवसायिक तरकारी खेती गरेको कोइरीले जनाए । वार्षिक ५० टन तरकारी उत्पादन गर्दैं आएको उनले बताए ।

उनले भने -'म पहिला इजरायल गएको र त्यहाँबाट फर्केर आएर आफ्नै देशमा केही गर्नुपर्छ भनि कृषि पेशामा लागेको र यो व्यवसायीबाट म सन्तुष्ट छु ।' फर्केर आफ्नै खेतको माटोमा पसिना बगाउन थालेपछि भने उनको जीवनमा हरियाली छाउन थालेको छ । अहिले जीवनको उत्तरार्धमा व्यवसायिक तरकारी खेतीले प्रशस्त आम्दानी भइरहेको उनले बताए ।

'दुई जना श्रीमान श्रीमती मिली व्यवसायिक तरकारी खेती गर्दै आएका छौं । व्यवसायिक तरकारी खेतीबाटै म आफ्नो पक्की घर बनाएको र बजारको समस्या मलाई छैन,' उनले भने-'मेरो तरकारी अरु व्यापारीको भन्दा ताजा र स्वच्छ गुणस्तरी भएकोले मेरो तरकारीहरु छिटो बिक्री हुने गरेको छ ।'

उनले परासी बजारमा आफैं बिक्री वितरण गर्ने र आपसक्षेत्रमा लाग्ने हाटबजारमा तरकारी बिक्री वितरण गर्न आफैं लैजाने गरेका छन् ।

व्यवसायी मेरो खेतमै आएर तरकारी लैजाने गरेको र थोक बिक्री वितरण गर्ने गरेको उनले बताए । उनले च्याउ, लौका भिन्डी, धिरौला सिर्जनाअनुसार तरकारी खेती तथा नर्सरी व्यवसायिक रुपमा तरकारी खेती गर्दै आएको जानकारी दिए ।

# 'कांग्रेसका ९९ दशमलव ९ प्रतिशत नेता-कार्यकर्ता एकताको पक्षमा'




बुटवल । नेपाली कांग्रेसका नेता नैनसिंह महरले पार्टीभित्र देखिएको असमझदारी अन्त्य गर्नको लागि नेतृत्व तहमा छलफल भइरहेको बताएका छन् ।

'देश र कांग्रेस जोड्ने अभियान' अन्तर्गत आयोजित एकता-सद्भाव विमर्श भेलालाई सम्बोधन गर्दै उनले कांग्रेसभित्रको समस्या समाधानका लागि चारवटा प्रमुख विकल्पमा छलफल भइरहेको जानकारी दिए । नेता महरसहित रन्जित कर्णलगायत नेताहरुले सहमतिको लागि दबाब दिनको लागि तेस्रो धारको निर्माण गरेका हुन् ।

कांग्रेसका ९९.९ प्रतिशत नेता-कार्यकर्ताको चाहना पार्टी एकताबद्ध, सशक्त र प्रभावकारी बनोस् भन्ने रहेको दाबी गरे। देश जटिल परिस्थितिमा रहेको भन्दै पार्टीलाई साझा घरका रूपमा लिएर सबैले हातेमालो गर्दै अघि बढ्नुपर्नेमा जोड दिए ।

कांग्रेसजस्तो लामो इतिहास, ठूलो संगठन र लाखौं मतदाताको समर्थन भएको पार्टी अहिले संवेदनशील बन्न नसकेको भन्ने आलोचना भइरहेकाले त्यसलाई सुधार्नु आवश्यक रहेको उनले बताए । पार्टीभित्र सत्य कुरा बोल्न र एकताका लागि दबाब सिर्जना गर्न नेतृत्व र कार्यकर्ता दुवै सक्षम हुनुपर्ने उनको भनाइ थियो ।

उनले भने-'पछिल्ला करिब दुई महिनादेखि सभापति, पूर्वसभापति, वर्तमान तथा पूर्वपदाधिकारीहरूसँग निरन्तर संवाद भइरहेको छ । पार्टी विभाजनको मुख्य कारण वैचारिकभन्दा पनि १५औं महाधिवेशनको सम्भावित परिणाम र शक्ति सन्तुलनको गणित बनेको छ । समस्या धेरै ठूलो होइन, महाधिवेशनपछि कसको हैसियत के हुन्छ भन्ने चिन्ताले नेताहरूलाई दुई धारमा उभ्याएको देखिन्छ ।' पार्टी एकताका लागि आफूहरू व्यक्तिगत पद र अवसरसमेत त्याग्न तयार रहेको उनले स्पष्ट पारे। उनले थपे-'पार्टी मिल्छ भने हामीलाई केन्द्रीय समिति चाहिँदैन । म लगायत करिब ३५ जना सदस्य आफ्नो पद छाड्न तयार छौं ।'

सहमति जुटाउन चार प्रमुख विकल्पमा छलफल भइरहेको बताए । पहिलो, सबै पक्षको सहभागितासहित निष्पक्ष महाधिवेशन सुनिश्चित गर्ने । दोस्रो, सदस्यता छानबिन समिति, निर्वाचन समिति र अनुशासन समितिजस्ता महाधिवेशनसँग सम्बन्धित संरचनामा सर्वसम्मत सहभागिता सुनिश्चित गर्ने ।

तेस्रो, सभापतिको नेतृत्वमा विशेष संयन्त्र गठन गरेर महाधिवेशनसम्बन्धी विवाद समाधान र आवश्यक तयारीलाई निष्पक्ष ढङ्गले अघि बढाउने ।

चौथो, विधानभित्र रहेर सबै पक्षलाई समेट्ने गरी बाँकी संरचनामा सहमति खोज्ने ।

उनले सभापतिको नेतृत्वमा बन्ने संयन्त्रमा कुनै पदको प्रतिस्पर्धाभन्दा पनि महाधिवेशनलाई निष्पक्ष बनाउन आवश्यक काम सम्पन्न गर्ने जिम्मेवारी दिइनुपर्ने प्रस्तावसमेत अघि सारिएको बताए। यस विषयमा सभापति र पदाधिकारीहरूसँग सकारात्मक छलफल भइरहेको उनको भनाइ छ ।

आगामी साउन २४ गते बस्ने केन्द्रीय समिति बैठकले पार्टी एकताको दिशामा महत्त्वपूर्ण निर्णय गर्ने विश्वास व्यक्त गरे । उनले भने-'धेरै विषयमा हामी नजिक-नजिक पुगेका छौं । २४ गतेको बैठकले कांग्रेस मिलनको प्रक्रियामा ठूलो फड्को मार्ने अपेक्षा छ ।'

कांग्रेस कुनै व्यक्ति वा परिवारको संगठन नभई जनताको आशाको चौतारी भएकाले त्यसलाई जोगाउने जिम्मेवारी सबैको भएको उनले बताए । स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा पार्टीभित्रको विवाद लम्बिए त्यसको प्रत्यक्ष असर चुनावी परिणाममा पर्ने चेतावनी दिए ।

# रजिष्ट्रेसन रोकेको विरोधमा क्याम्पस प्रमुखको कुर्सी जलाइयो



बुटवल । परीक्षाको मुखमा रजिष्ट्रेसन रोकेको विरोधमा लुम्बिनी इन्टरनेशनल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी ललितपुरका क्याम्पस प्रमुखको कुर्सी विद्यार्थीले आगजनी गरेका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई विगत १० वर्षदेखि सञ्चालित उक्त क्याम्पसमा सिभिल इञ्जिनियरिङको स्नातकोत्तर तहमा अध्ययनरत पहिलो सेमेष्टरका विद्यार्थीले आफूहरूको रजिष्ट्रेसन रोकेको विरोधमा क्याम्पस प्रमुखको कुर्सी तल झारेर आगजनी गरेको क्याम्पस प्रमुख खेटराज दाहालले बताए ।

विद्यार्थीहरू नाराबाजी गर्दै क्याम्पस प्रमुखको कार्यालयमा प्रवेश गरेका थिए। विश्वविद्यालयलाई सर्वोच्च अदालतले रजिष्ट्रेसन रोक्ने निर्णय कार्यान्वयन नगर्न उत्प्रेषणको आदेश दिएको १५ दिन बित्दा पनि रजिष्ट्रेसन खुलाउन आनाकानी गरिरहेपछि विद्यार्थीहरु रुष्ट बनेर आन्दोलित भएको विद्यार्थी सुशील खनालले बताए । १० वर्षदेखि सञ्चालित क्याम्पसमा भर्ना भएर ६ महिना अध्ययन गरेर परीक्षाको तयारीमा रहेका बेला एक्कासी परीक्षाको रजिष्ट्रेसन रोक्नि निर्णयले विद्यार्थीहरु अन्याय र मर्कामा परेको विद्यार्थी खनालले गुनासो गरे ।

अदालतको आदेश समेत अवहेलना गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयले विद्यार्थीको भविष्यमाथि खेलवाड गर्न खोजेको विषयमा थप कानुनी उपचार खोज्ने र आन्दोलनका कार्यक्रम घोषणा गर्ने विद्यार्थी खनालले बताए । कलेजले एमएससी इन कन्स्ट्रक्सन इञ्जिनियरिङ एण्ड म्यानेजमेन्टलगायतका तीनवटा विधामा स्नातकोत्तर तहको कक्षा सञ्चालन गर्न २०७२ साल मंसिर २७ मा सम्बन्धन प्राप्त गरेको थियो । '१० वर्षसम्म शैक्षिक सत्रहरु सञ्चालन गरी आएकोमा तत्पश्चात् नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५. को दफा ३७ (२) बमोजिम नियम नबनेको अवस्थामा नेपाल इञ्जिनियरिङ्ग परिषद्द्वारा इञ्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातकोत्तर तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१ बनाएको आधारमा मान्यताको सर्त तोकी पुष्ट्याइँका कागजात पेस नगरेको भनी लुम्बिनी बौद्ध विश्वविद्यालयले डा. कूलप्रसाद खनालको संयोजकत्वमा गठन गरेको अध्ययन समितिको प्रतिवेदन र दिइएको विकल्प समेत नपर्खी नयाँ विद्यार्थी भर्ना र रजिष्ट्रेशन रोक्ने निर्णय गरेकोबाट निवेदकलाई प्रतिकूल प्रभाव पर्न जाने देखिएबाट सुविधा र सन्तुलनको दृष्टिबाट विपक्षीहरुको लिखित जवाफ परेपश्चात् पुनर्विचार हुने गरी हाललाई नयाँ विद्यार्थी भर्ना र रजिष्ट्रेशन रोक्ने निर्णयका पत्राचार कार्यान्वयन नगरी यथास्थितिमा राख्नू' भनी अन्तरिम आदेश जारी भएको थियो ।

अन्य विश्वविद्यालयमा उपकुलपति नियुक्ति भैसक्दा लुम्बिनी बौद्ध विश्वविद्यालयमा भने नियुक्त हुन सकेको छैन ।

पछिल्लो समय विश्वविद्यालयमा उपकुलपति नियुक्ति प्रक्रिया लम्बिँदै गएको र नेतृत्व अभावका बिच प्रशासनिक निर्णयहरू विवादमा तानिन थालेका छन् । यसैबीच निमित्त रजिष्ट्रार इन्द्र काफ्लेले कर्मचारी सरुवासम्बन्धी रातारात गरेको निर्णय रोक्न कार्यवाहक उपकुलपति डा.मानिकरत्न शाक्यले दिएको निर्देशनले विश्व विद्यालयभित्रको प्रशासनिक मतभेद थप सतहमा आएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालय यतिबेला प्रशासनिक विवाद, कर्मचारी सरुवा, विद्यार्थी भर्ना तथा रजिस्ट्रेशन प्रक्रियासम्बन्धी निर्णयका कारण गम्भीर शक्ति संघर्षको केन्द्र बनेको छ । विश्वविद्यालयको नेतृत्व अहिले निमित्त व्यवस्थामा चलिरहेको अवस्थामा उपकुलपति डा. माणिकरत्न शाक्य र रजिष्ट्रार डा. इन्द्र काफ्लेबिचको टकराव सतहमा आएको हो ।

रजिष्ट्रार डा. काफ्लेले साउन १८ गते राति करिब १० बजे उपकुलपतिसँग कुनै परामर्श नगरी ५१ जना कर्मचारीको सरुवा गरेपछि विश्व विद्यालयभित्र प्रशासनिक असन्तुष्टि चुलिएको छ ।

विश्वविद्यालयका केही अधिकारीले कामचलाउ वा निमित्त जिम्मेवारीमा रहेका पदाधिकारीले दीर्घकालीन प्रभाव पार्ने निर्णय गर्दा संस्थागत सहमति आवश्यक पर्ने बताएका छन् । कर्मचारी सरुवाको विवाद चर्किएपछि उपकुलपति डा. शाक्यले साउन १९ गते रजिष्ट्रार डा. काफ्लेलाई पत्र लेख्दै कर्मचारी सरुवासम्बन्धी निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न निर्देशन दिएका छन् ।

पत्रमा विश्वविद्यालयको दैनिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी हाल उपकुलपतिले नै सम्हालिरहेको अवस्थामा सम्बन्धित पदाधिकारी तथा सरोकारवालासँग छलफल र समन्वय नगरी गरिएको निर्णयले विश्वविद्यालयको नियमित कामकाज प्रभावित हुन सक्ने उल्लेख गरिएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालय यतिबेला प्रशासनिक विवाद, कर्मचारी सरुवा, विद्यार्थी भर्ना तथा रजिस्ट्रेशन प्रक्रियासम्बन्धी निर्णयका कारण गम्भीर शक्ति संघर्षको केन्द्र बनेको छ । विश्वविद्यालयको नेतृत्व अहिले निमित्त व्यवस्थामा चलिरहेको अवस्थामा उपकुलपति डा. मणिकरत्न शाक्य र रजिष्ट्रार डा. इन्द्र काफ्लेबिचको टकराव सतहमा आएको हो ।

विश्वविद्यालय स्रोतका अनुसार रजिष्ट्रार डा. काफ्लेले साउन १८ गते राति करिब १० बजे उपकुलपतिसँग कुनै परामर्श नगरी ५१ जना कर्मचारीको सरुवा गरेको आरोप लागेको छ। सरुवापछि विश्वविद्यालयभित्र प्रशासनिक असन्तुष्टि चुलिएको बताइएको छ ।

विश्वविद्यालयका केही अधिकारीले कामचलाउ वा निमित्त जिम्मेवारीमा रहेका पदाधिकारीले दीर्घकालीन प्रभाव पार्ने निर्णय गर्दा संस्थागत सहमति आवश्यक पर्ने बताएका छन् । उनीहरूका अनुसार ठूलो संख्यामा गरिएको कर्मचारी सरुवाले विश्वविद्यालयको नियमित प्रशासनिक संरचना र कार्यसम्पादनमा असर पर्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

विवाद चर्किएपछि उपकुलपति डा. शाक्यले साउन १९ गते रजिष्ट्रार डा. काफ्लेलाई पत्र लेख्दै कर्मचारी सरुवासम्बन्धी निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न निर्देशन दिएका छन् ।

पत्रमा विश्वविद्यालयको दैनिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी हाल उपकुलपतिले नै सम्हालिरहेको अवस्थामा सम्बन्धित पदाधिकारी तथा सरोकारवालासँग छलफल र समन्वय नगरी गरिएको निर्णयले विश्वविद्यालयको नियमित कामकाज प्रभावित हुन सक्ने उल्लेख गरिएको छ ।

उपकुलपतिले जारी गरिएको सर्कुलर कार्यान्वयन नगर्न निर्देशन दिँदै लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा २२ को उपदफा (१७) तथा शैक्षिक प्रशासनसम्बन्धी नियमावली, २०७४ को नियम १५ को उपनियम (१) को आधार उल्लेख गरेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com